# मातृभूमि लघुवित्त वित्तीय संस्था लि.

# Matribhumi Laghubitta Bittiya Sanstha Ltd.

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था (राष्ट्रियस्तर कार्यक्षेत्र भएको)

**Head Office:** Lamkichuha-04, kailali, **Corporate Office :** Budhanilkantha-07, Galfutar, Kathmandu
Phone No.: 01-4372274
Email: info@matribhumimf.com.np, Website: www.matribhumimf.com.np

## QUARTERLY UNAUDITED FINANCIAL STATEMENT

### As at the end of Second Quarter ( 2082/09/30) of the fiscal year 2082/83

### Unaudited Condensed Statement of Financial Position ( As per NFRS)
As on Quarter Ended Poush 2082

| Particulars | Figures in NPR | |
|---|---|---|
| | This Quarter Ending (2082.83) | Immediate Previous Year Ending (2081.82) |
| **Assets** | | |
| Cash & Cash Equivalents | 15,805,701 | 27,550,356 |
| Statutory Balances and Due from Nepal Rastra Bank | 1,354,079,575 | 559,079,575 |
| Placement with Banks & Financial Institutions | 661,582,892 | 585,617,540 |
| Derivative Financial Institutions | - | - |
| Other Trading Assets | - | - |
| Loans and Advances to MFIs & Cooperatives | - | - |
| Loan & Advances to Customers | 10,464,732,405 | 10,405,411,975 |
| Investment Securities | 1,000,000 | 1,000,000 |
| Current Tax Assets | 20,148,251 | 20,148,251 |
| Investment Property | - | - |
| Property and Equipment | 201,295,522 | 212,005,483 |
| Goodwill and Intangible Assets | 865,774 | 1,152,627 |
| Deferred Tax Assets | 27,617,920 | 27,617,920 |
| Other Assets | 84,794,713 | 139,776,840 |
| **Total Assets** | **12,831,922,752** | **11,979,360,568** |
| **Liabilities** | | |
| Due to Bank and Financial Institutions | - | - |
| Due to Nepal Rastra Bank | - | - |
| Derivative Financial Instruments | - | - |
| Deposits from Customers | 4,513,657,946 | 4,276,067,659 |
| Borrowings | 6,763,681,982 | 6,264,258,093 |
| Current Tax Liabilities | - | - |
| Provisions | - | - |
| Deferred Tax Liabilities | - | - |
| Other Liabilities | 801,179,393 | 754,600,252 |
| Debt Securities Issued | - | - |
| Subordinated Liabilities | - | - |
| **Total Liabilities** | **12,078,519,321** | **11,294,926,004** |
| **Equity** | | |
| Share Capital | 628,357,337 | 628,357,337 |
| Share Premium | - | - |
| Retained Earnings | (517,322,011) | (577,166,613) |
| Reserves | 642,368,105 | 633,243,840 |
| **Total Equity** | **753,403,431** | **684,434,564** |
| **Total Liabilities and Equity** | **12,831,922,752** | **11,979,360,568** |

### Condensed Statement of Profit and Loss
For the Quarter Ended on Poush 2082

| Particulars | Figures in NPR | | | |
|---|---|---|---|---|
| | Current Year 2082.83 | | Previous Year Corresponding 2081.82 | |
| | This Quarter | Upto This Quarter | This Quarter | Upto This Quarter |
| Interest Income | 337,304,225 | 642,139,790 | 307,614,655 | 653,702,817 |
| Interest Expense | 183,125,818 | 382,049,517 | 227,040,899 | 467,988,758 |
| **Net Interest Income** | **154,178,407** | **260,090,273** | **80,573,755** | **185,714,059** |
| Fee and Commission Income | 30,341,547 | 54,032,066 | 1,026,781 | 2,184,851 |
| Fee and Commission Expense | 117,656 | 253,206 | 177,301 | 534,845 |
| **Net Fee and Commission Income** | **30,223,891** | **53,778,860** | **849,480** | **1,650,005** |
| **Net Interest, Fee and Commisson Income** | **184,402,298** | **313,869,133** | **81,423,235** | **187,364,064** |
| Net Trading Income | - | - | - | - |
| Other Operating Income | 1,025,091 | 1,056,029 | 55,009,310 | 79,410,879 |
| Total Operating Income | 185,427,389 | 314,925,162 | 136,432,545 | 266,774,943 |
| Impairment Charge/ (Reversal) for Loans and Other Lossess | (17,520,911) | 15,958,318 | (38,018,834) | 46,722,655 |
| **Net Operating Income** | **202,948,300** | **298,966,844** | **174,451,379** | **220,052,288** |
| **Operating Expense** | **147,890,957** | **263,617,426** | **147,731,124** | **301,489,903** |
| Personnel Expenses | 106,136,073 | 206,748,812 | 98,638,432 | 227,538,631 |
| Other Operating Expenses | 35,561,988 | 44,584,627 | 43,378,382 | 62,616,590 |
| Depreciation & Amortisation | 6,192,896 | 12,283,987 | 5,714,309 | 11,334,682 |
| **Operating Profit** | **55,057,343** | **35,349,418** | **26,720,256** | **(81,437,615)** |
| Non Operating Income | - | - | - | - |
| Non Operating Expense | - | - | - | - |
| **Profit Before Income Tax** | **55,057,343** | **35,349,418** | **26,720,256** | **(81,437,615)** |
| Income Tax Expense | - | - | - | - |
| Current Tax | - | - | - | - |
| Deferred Tax | - | - | - | - |
| **Profit for the Period** | **55,057,343** | **35,349,418** | **26,720,256** | **(81,437,615)** |

### Condensed Statement of Comprehensive Income

| Particulars | Current Year | | Previous Year Corresponding | |
|---|---|---|---|---|
| | This Quarter | Upto This Quarter | This Quarter | Upto This Quarter |
| Profit for the Period | 55,057,343 | 35,349,418 | 26,720,256 | (81,437,615) |
| Other Comprehensive Income | - | - | - | - |
| **Total Comprehensive Income** | **55,057,343** | **35,349,418** | **26,720,256** | **(81,437,615)** |
| Annualized Basic Earing Per Share | - | 11.25 | - | (25.92) |
| Diluted Earning per share | - | 11.25 | - | (25.92) |

### Ratios as per NRB Directives

| Particulars | Current Year | | Previous Year Corresponding | |
|---|---|---|---|---|
| | This Quarter | Upto This Quarter | This Quarter | Upto This Quarter |
| Capital Fund to RWA | | 4.78% | | 8.07% |
| Non-Performing Loan (NPL) to Total Loan | | 10.48% | | 9.63% |
| Total Loan Loss Provision to total NPL | | 91.98% | | 52.26% |
| Cost of Funds | | 7.64% | | 8.69% |
| Credit to Deposit and Borrowing Ratio | | 102.58% | | 282.99% |
| Base Rate | | 12.99% | | 13.70% |
| Interest Rate Spread | | 7.28% | | 6.31% |

### Details about the Distributable Profit

| Particulars | NPR |
|---|---|
| **Net Profit or (Loss) as per statement of profit or loss for the Period** | **35,349,418** |
| **1. Appropriations** | |
| **1.1 Profit required to be appropriated to:** | **(8,130,366)** |
| a. General Reserve | (7,069,884) |
| b. Capital Redemption Reserve | - |
| c. Foreign Exchange Fluctuation Fund | - |
| d. Corporate Social Responsibility | (353,494) |
| e. Employee Training Fund | - |
| f. Client Protection Fund | (706,988) |
| g. Staff Welfare Fund | - |
| h. Other | |
| **1.2 Profit required to be transferred to Regulatory Reserve:** | **32,625,550** |
| a. Transfer to Regulatory Reserve | - |
| b. Transfer from Regulatory Reserve | 32,625,550 |
| **Net Profit for the period end available for distribution** | **59,844,602** |
| Opening Retained Earning as on 1 Shrawan 2082 | (577,166,613) |
| Adjustment (+/-) | - |
| **Total Distributable profit or (loss)** | **(517,322,011)** |

**Notes:**

1. The above Financial Statements have been prepared in accordance with the NFRS Complaint financial statement format prescribed by Nepal Rastra Bank (NRB) and the principles and policies adopted by the financial institution in accordance with Nepal Financial Reporting Standards (NFRS) except compliance of Expected Credit Loss (ECL) required by NFRS-9.
2. The Loans and Advance includes interest receivable & Staff Loans are presented net of impairment loss.
3. Actuarial Valuation has been done on annual basis for Employee Benefit.
4. Previous period figures are regrouped/rearranged/restated wherever necessary for consistent presentation and comparison.
5. All Lease contracts have been accounted for as per NFRS 16. Accordingly, Right of Use Assets and Lease Liabilities have been recognised along with Right of Use Assets being depreciated on straight line basis and interest calculated on Lease Liabilities.
6. Adjustment related to NFRS has been transferred to Regulatory Reserve.
7. The Detailed interim financial report has been published in our website.
8. No provision for income tax has been made for the current period, as the profit for the period is fully offset by carried-forward losses from previous years, in accordance with income tax regulations.
9. The above figures are subject to change as per the direction of the Regulators and/or Statutory Auditor.

| Interest Rate | |
|---|---|
| 1. Deposit 7.5%-13.29% | 2. Loan & Advance 14%-15% |

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसूची-१४ (नियम २६ को उपनियम (१) संग सम्बन्धित)**

## आ.व. २०८२/८३ को दोस्रो त्रयमासिक प्रतिवेदन

**१. वित्तीय विवरण** :

**क) त्रयमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण :** आ.व. २०८२/०८३ को दोस्रो त्रयमासिक अवधिको अपरिष्कृत वित्तीय विवरण यसै साथ प्रकाशित गरिएको छ । यो विवरण संस्थाको वेबसाइट www.matribhumimf.com.np मा पनि राखिएको छ ।

**ख) प्रमुख वित्तीय अनुपातहरु :**

| प्रति शेयर आम्दानी अनुपात (वार्षिकमा) | मुल्य आम्दानी अनुपात P/E Ratio | तरलता अनुपात | प्रति शेयर नेटवर्थ | प्रति शेयरकुल सम्पत्तिको मुल्य |
|---|---|---|---|---|
| ११.२५ | ८६.६६ | १२.३१ | ११९.९० | २,०४६.०० |

**२. व्यवस्थापकीय विश्लेषण** :

**क) त्रयमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सो को प्रमुख कारण सम्बन्धी विवरण** :
यस अवधिमा कर्जा लगानी रु. ९,८७,२४,१६२/- तथा सदस्यको बचत रु. १६,८२,०३,९५२/- ले वृद्धि भएको छ । यस अवधिमा कर्जा असुली समेत सन्तोषजन्क रुपमा वृद्धि भई नाफा रकम रु. ५,५०,५७,३४३/- आर्जन गर्न संस्था सफल भएको छ ।

**ख) आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण :**
संस्थाद्वारा सदस्यहरुको वित्तीय पहुँचमा अभिबृद्धि, ब्यवसाय प्रर्वद्वन तथा वित्तीय तथा ब्यवसायिक साक्षरताद्वारा बचत, कर्जा, विमा तथा रेमिटान्स मार्फत नेपालको गरिबी न्यूनिकरण टेवा प्रदान गरी, चालु आर्थिक वर्ष २०८२/८३ को यस त्रैमाससम्ममा संस्थाको समग्र वित्तीय अवस्था सन्तोषजनक रहेको छ । कर्जा मागमा आएको संकुचन, लघुवित्त संस्था विरुद्ध सञ्चालित गतिविधि, नियमनकारी ब्यवस्था जस्ता कारणहरुले गर्दा वित्तीय कारोवारहरुमा असर परेता पनि वित्तीय कारोवारहरुमा सामान्य सुधारको स्थिती रहेको छ । वित्तीय कारोवारहरुमा क्रमिक सामान्य सुधारको कारण आ.व.२०८२/८३ को द्बितिय त्रयमासको अन्तसम्म सञ्चालन मुनाफा धनात्मक रहेको छ । सम्भावित जोखिमलाई विश्लेषण गर्दै वित्तीय कारोवारहरुलाई निरन्तरता दिइदै आईरहेको छ । आगामी दिनमा वित्तीय कारोवारहरुमा क्रमश सुधार भई कर्जा असुलीमा नियमितता ,बचत परिचालनमा बृद्धि, ब्याज आम्दानी र तरलता अवस्था सन्तोषजनक हुने ब्यवस्थापनको अनुमान रहेको छ । तरलताको व्यवस्थापनका लागि आन्तरिक स्रोत जुटाउन खराब कर्जा असुली र बचत परिचालनमा बृद्धि गर्न रणनीतिहरु बनाई कार्य गर्ने, कर्जाको गुणस्तरमा सुधार गर्ने, सहुलियत दरको थोक कर्जा प्राप्त गर्न विशेष पहल गर्ने, सर्वसाधारणमा निष्काशन गर्न बाँकी एफपिओ शेयर निष्कासन गर्ने, ग्राहक संरक्षण कोषको रकम ग्राहकको हितमा अधिकतम उपयोग गर्ने, उद्यम विकास कार्यक्रमलाई प्रभावकारी सञ्चालन गर्ने, सेवा नपुगेका क्षेत्रमा रहेका विपन्न एवं पिछडीएका वर्गलाई लघुवित्त कार्यक्रममा आबद्ध गरेर सेवा विस्तार गर्ने, वित्तीय संस्थाको सेवा तथा कार्यक्रमलाई क्रमश: प्रविधिमैत्री तथा सदस्यमैत्री बनाउँदै लैजाने लगायतका लक्ष्य राखेर कार्य गरिएको छ ।

**ग) विगतको अनुभवबाट, संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पर्न सक्ने घटना, आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण** :
यस त्रयमासमा आर्थिक गतिबिधिमा भएको शिथिलता लगायतका कारणले ग्राहकहरुको किस्ता भुक्तानीमा ढिलासुस्ती, सदस्यहरुमा कर्जा मिनाह सम्बन्धी अफवाह, लघुवित्त विरुद्धको संघर्ष समितिको अवरोध, आर्थिक मन्दीका कारण सदस्यहरुद्वारा ब्यवसायमा थप लगानी नगर्नु, पुँजीकोषमा परेको दवाव आदिका कारण व्यवसाय वृद्विमा संकुचन भएको र त्यसको प्रत्यक्ष असर लाभदायकता (Profitability) मा परेको देखिन्छ । उल्लिखित कुराहरुलाई मध्यनजर गरी Cost of Fund घटाउन, भाखा नाघेको कर्जा असुली गरी सोको अंश घटाउन र तरलताको समस्यालाई कम गर्न बचत परिचालन बढाउने लगायतका कार्यहरु गरिएको छ ।

**३. कानुनी कारवाही सम्बन्धी विवरण** :

क) **त्रयमासिक अवधिमा संगठित संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको भए :** नभएको ।

ख) **यस संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको भए :** यस सम्बन्धमा कुनै जानकारी प्राप्त भएको छैन ।

ग) **कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको भए :**
यस सम्बन्धमा कुनै जानकारी प्राप्त भएको छैन ।

**४. वित्तीय संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण** :

क) धितोपत्र बजारमा भएको यस संस्थाको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणा : धितोपत्र विनिमय बजारको खुल्ला बजार कारोबारले यस वित्तिय संस्थाको शेयरको बजार मूल्य निर्धारण गर्ने हुँदा यस सम्बन्धमा ब्यवस्थापन पक्षको कुनै टिप्पणी छैन ।

ख) नेपाल स्टक एक्सचेन्जको वेभसाईट www.nepalstock.com.np अनुसार मिति २०८२/०७/०१ देखि २०८२/०९/३० सम्मको अवधिमा यस संस्थाको शेयर कारोबार निम्न अनुसार भएको देखिन्छ ।

| अधिकतम मूल्य | न्युनतम मूल्य | अन्तिम मूल्य | कारोबार दिन | कारोबार संख्या | कारोबार रकम | कारोबार कित्ता |
|---|---|---|---|---|---|---|
| १,०३१ | ९३०.१० | ९७५ | ५५ | १,७४१ | ७०,३७३,४४५.९० | ७१,८९० |

**५. समस्या तथा चुनौति** :
लघुवित्त बिरुद्धका क्रियाकलाप गरिरहेको लघुवित्त विरुद्धको संघर्ष समिति, देशको समग्र आर्थिक अवस्था र वित्तीय क्षेत्रमा देखिएको अस्वस्थ प्रतिस्पर्धा, बढ्दो निष्क्रिय कर्जाका कारण ब्यवसाय बृद्धिमा जोखिम श्रृजना भएको छ। लघुवित्त क्षेत्रमा देखिएको सदस्य/कर्जामा दोहोरोपना, बहुबैंकिङ्ग, न्यून सरकारी आर्थिक कृयाकलाप, सदस्यहरुको सामुहिक भावनामा ह्रास आउनु, उच्च सञ्चालन खर्च आदि वित्तीय संस्थाको समस्या तथा चुनौतीहरु हुन् ।

**६. संस्थागत सुशासन** :
यस वित्तीय संस्था संस्थागत सुशासन कायम गर्न सदैव प्रतिवद्ध रहेको छ। संस्थागत सुशासनमा ध्यान दिदै संस्थाले अन्य विषयहरुका अतिरिक्त देहाय अनुसारका कदमहरुको समेत अवलम्बन गरेको छ ।

क) यस संस्थाको सञ्चालक समिति, व्यवस्थापन, शेयरधनीहरु लगायत सम्पूर्ण सरोकारवालाहरुको हित संरक्षण तथा सम्वर्द्धन गर्न वित्तीय संस्था सदैव प्रतिवद्ध रहेको छ । नेपाल राष्ट्र बैंक तथा विद्यमान ऐन, कानून र अन्य नियमनकारी निकायहरुको निर्देशनको पालना गरी संस्थागत सुशासनको निरन्तर परिपालनाको लागि सञ्चालक समितिले विभिन्न नीति, नियम, कार्यविधि तथा निर्देशिकाहरु तर्जुमा गर्ने तथा आवश्यकता अनुसार संशोधन गर्ने गरेको र उक्त नीति तथा निर्देशनहरुलाई व्यवस्थापनले कार्यान्वयन गर्दै आईरहेको छ ।

ख) संस्थाले आफ्नो कारोबारलाई चुस्त, दुरुस्त राख्न तथा आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन सञ्चालक समिति तथा व्यवस्थापन तहमा लेखापरिक्षण समिति, जोखिम व्यवस्थापन समिति, कर्मचारी सेवा सुबिधि समिति, सम्पत्ति शुद्धिकरण अनुगमन समिति तथा अन्य आवश्यक समिति, उपसमितिहरुको गठन गरेको छ । उक्त समिति तथा उपसमितिहरुको नियमित रुपमा बैठक बसी काम गर्ने क्रममा देखिएका कमी कमजोरीहरुलाई सुधार गर्ने सन्दर्भमा व्यवस्थापनलाई आवश्यक निर्देशनहरु दिने गरेको छ ।

ग) केन्द्रीय/कर्पोरेट कार्यालय तथा शाखा कार्यालयहरुको लेखा तथा आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी तथा चुस्त दुरुस्त बनाई राख्न शाखाहरुमा नियमित सुपरिवेक्षण तथा आन्तरिक लेखापरिक्षण कार्य हुँदै आईरहेको छ । सुपरिवेक्षण तथा लेखापरीक्षणले औल्याएका कमी कमजोरीहरुलाई यथाशिघ्र सुधार गरिएको छ ।

**७. सत्य तथ्य सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण** :
आजका मितिसम्म यस प्रतिवेदनमा उल्लिखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लिखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।